# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**शुभकामना सन्देश**

नेपालीहरुको महान पर्व बडादशैं, तिहार, नेपाल संवत ११४४, छठलगायत चाडपर्वका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायू एवं उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु ।

हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधताले भरिपूर्ण छ । यो विविधताबीच एकता कायम गरी आपसी भाइचारा र सहिष्णुता अभिवृद्धि गर्न हाम्रा पर्वहरुले महत्वपूर्ण भूमिका खेल्दछन् । साथै, हामीलाई एउटै सुत्रमा बाँधेर राष्ट्रिय एकता हासिल गर्न र समृद्धि प्राप्तीका लागि यी चाडपर्वको विशीष्ट महत्व रहँदै आएको छ ।

हामीले मनाउँदै आएका पर्वहरुभित्र रहेका सकारात्मक पक्षलाई आत्मसात् गरी अघि बढ्ने तथा गलत संस्कार एवं अभ्यासलाई हटाउने दायित्व हाम्रै हो । सामाजिक सद्भाव, सहिष्णुता र आपसी भातृत्व विकासका लागि योगदान दिने पर्वहरुप्रति हामीले गौरवबोध गर्न सक्नुपर्दछ । यी पर्वहरुले हामीलाई असल मार्गमा लाग्न प्रेरित गरोस् भन्दै पुनः एक पटक यस अवसरमा सबैमा मंगलमय शुभकामना व्यक्त गर्दछु ।

२०८० साल कात्तिक ४ गते, शनिबार ।

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**